annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७३ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २८ असार २०८१ | आषाढ शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४४ | FRIDAY, JULY 12, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# स्थिरताको धारा

संविधानमा कुनै पनि दलको एक्लो बहुमत नभएको अवस्थामा दिगोपना र स्थिरताका लागि दुई वा दुईभन्दा बढी दलको मिलोमतोमा सरकार बनाउने प्रावधान राखिएको छ । धारा ७६ (२) को मर्म र अन्तर्य त्यही हो । दुई ठूला दल र दुई तिहाइभन्दा बढी सांसदले दर्बिलो सरकार बनाउने भन्दै एमाले अध्यक्ष केपी शर्मा ओलीका पक्षमा हस्ताक्षर गरिसकेपछि अल्पमतको सरकार बनाउन ७६ (३) आकर्षित नहुने संविधानविद्हरू बताउँछन् । जबकि ७६ (३) बाट प्रधानमन्त्री पाउने कांग्रेस सभापति शेरबहादुर देउवा स्वयंले त्यसलाई अस्वीकार गरिसकेका छन् । यस परिप्रेक्ष्यमा ७६ (३) भन्नु असान्दर्भिक र बेतुकको हुने उनीहरूको धारणा छ ।

# ७६(२)

समाचार पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*

- को रिपोर्ट

## प्रधानमन्त्रीको विपक्षमा मतको ओइरो

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एकपछि अर्को दलले समर्थन फिर्ता लिन थालेकाले प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत गुमाउने निश्चित छ। उल्टै विपक्षमा झन्डै दुई तिहाइ मत पर्ने सम्भावना बलियो बन्दैछ।

प्रमुख दुई ठूला दल कांग्रेस र एमालेमात्रै होइन, सरकारमा रहेका साना दलले पनि प्रचण्डको विपक्षमा मत हाल्ने निर्णय गरिरहेका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल), जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नागरिक उन्मुक्ति पार्टीले विपक्षमा मतदान गर्ने निर्णय गरिसकेका छन्। कांग्रेस र एमालेको मात्रै प्रतिनिधिसभामा १ सय ६७ सिट छ। कांग्रेसको ८८ र एमालेको ७९ सिट छ। एमाले सांसद रहेका सभामुख र निलम्बित टोपबहादुर रायमाझीले मतदान गर्न पाउने छैनन्। राप्रपा संसदीय दलको बैठकले प्रधानमन्त्री दाहालले संसद्मा लिने विश्वासको मतको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ। बैठकपछि राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले संसदीय दलको बैठकले प्रधानमन्त्री दाहाललाई विश्वासको मत नदिने निर्णय गरेको जानकारी दिए।

» बाँकी पृष्ठ ६

| विपक्षमा | |
|---|---|
| कांग्रेस | : ८८ |
| एमाले : ७९ (१ सभामुख, १ निलम्बित) | |
| राप्रपा | : १४ |
| जसपा | : ७ |
| जनमत | : ६ |
| जसपा नेपाल | : ५ |
| लोसपा | : ४ |
| नागरिक उन्मुक्ति | : ४ |
| **जम्मा** | : २०७ |
| **पक्षमा** | |
| माओवादी केन्द्र | : ३२ |
| एकीकृत समाजवादी | : १० |
| **जम्मा** | : ४२ |
| **निर्णय नगरेको** | |
| रास्वपा | : २१ |
| **अनिर्णीत** | |
| जनमोर्चा नेपाल | : १ |
| नेमकिपा | : १ |
| आमजनता पार्टी | : १ |
| स्वतन्त्र | : २ |
| **जम्मा** | : ५ |

**प्रतिनिधिसभा : २७५**
**बहुमतको आवश्यक संख्या : १३८**
**दुई तिहाइको आवश्यक संख्या : १८४**

## नयाँ सरकार कसरी बन्छ ?

**तारा चापागाईं** | *काठमाडौं*

नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले समर्थन फिर्ता लिएपछि आज असार २८ गते बस्ने प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिँदैछन्। नेकपा एमाले र नेपाली कांग्रेसले यही असार १७ गते मध्यरातमा नयाँ सत्ता समीकरणका लागि सहमति गरेका थिए। एमालेले विश्वासको मत फिर्ता लिएपछि उनले नेपालको संविधानको धारा १०० को उपधारा (२) अनुसार विश्वासको मत लिन लागेका हुन्।

२०८० साल फागुन ३० गते कांग्रेससँगको गठबन्धन तोडेर प्रधानमन्त्री दाहालले एमालेसहितको गठबन्धन बनाएपछि विश्वासको मत लिएका थिए। संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने व्यवस्था छ।

प्रधानमन्त्री दाहालले आफ्नो पक्षमा बहुमत देखाउन १३८ मत ल्याउनु पर्छ। सोही धाराको उपधारा (३) मा उपधारा (१) र (२) बमोजिम पेस भएको प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतमा विश्वासको मत पाउन नसकेमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुने व्यवस्था छ। संविधानअनुसार हालको प्रतिनिधिसभा प्रत्यक्ष निर्वाचित १ सय ६५ र समानुपातिकतर्फ १ सय १० गरी कुल २ सय ७५ सदस्यीय रहेको छ।

२०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभाको २ सय ७५ सिटका लागि भएको निर्वाचनमा कांग्रेसले ८९, एमालेले ७८, माओवादी केन्द्रले ३२, राष्ट्रिय स्वतन्त्र पार्टीले २०, राष्ट्रिय प्रजातन्त्र पार्टीले १४, जनता समाजवादी पार्टीले १२, नेकपा (एकीकृत समाजवादी) ले १०, जनमत पार्टीले ६, स्वतन्त्र ५ जना, लोकतान्त्रिक समाजवादी पार्टीले ४, नागरिक उन्मुक्ति पार्टीले ३, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चा १-१ सिटमा विजयी भएका थिए।

**संविधानको धारा ७६ (२) अनुसारकै नयाँ सरकार गठन हुने दाबी**

नेकपा एमाले र नेपाली कांग्रेसबीच भएको सहमतिको आधारमा सरकार बन्ने दाबी एमालेले गर्दै आएको छ।

» बाँकी पृष्ठ ६

# एकै दिन ८ जना फर्किए बाकसमा


दीपक सापकोटा


हीराबहादुर डाँगी


बालकृष्ण थापा


जीवनकुमार सिग्देल


मनिष तामाङ


रमेश ओझा


युवराज कुँवर


ताबिन जुग्जाली

**मेघराज सापकोटा** | *दुबई*

धेरैलाई लाग्छ- विदेश गए त टन्न कमाइ हुन्छ। भविष्य सुरक्षित हुन्छ। तर, सबैको भाग्यमा त्यस्तो कहाँ हुन्छ र ? पसिना बगाउँदै गर्दा विदेशमा ज्यान पनि जान्छ। परिवार र आफन्तका सपना क्षणभरमै चकनाचुर हुन्छन्। यस्तै नियति भोगेका ८ जना नेपाली बिहीबार 'बन्द बाकस' मा घर फर्काइएका छन्। विभिन्न कारणले युनाइटेड अरब इमिरेट्स (यूएई)मा ज्यान गुमाएका उनीहरूका 'टन्न कमाउने सपना' पनि समाप्त भएका छन्।

वैदेशिक रोजगारीको सिलसिलामा यूएईमा विभिन्न समयमा ज्यान गुमाएका आठ जनाको शव एकैसाथ स्वदेश पठाइएको हो। नेपाल एयरलाइन्सको वाइड बडीमार्फत शव पठाइएको नेपाली दूतावास अबुधाबीका श्रम काउन्सिलर दीनबन्धु सुवेदीले पुष्टि गरे। नेपाल पठाइएका श्रमिकहरूको विभिन्न कारणले फरकफरक समयमा मृत्यु भएको र केही लासहरू अलपत्र परेका थिए।

मृत्यु हुनेहरूमा मोरङका दीपक सापकोटा, नुवाकोटका रमेश ओझा, म्याग्दीका ताबिन जुग्जाली, सिन्धुलीका युवराज कुँवर, गुल्मीका बालकृष्ण थापा, दाङका हीराबहादुर डाँगी, गोर्खाका मनिष तामाङ र झापाका जीवनकुमार सिग्देल रहेका छन्। मृत्यु भएकाहरूमध्ये हीराबहादुरले आत्महत्या गरेका थिए भने मनिष तामाङको समुद्रमा डुबेर मृत्यु भएको थियो। दुई जनाको हृदयाघात, दुई जनाको मुटुको चाल बन्द भएर (कार्डियक एरेस्ट) र बाँकी दुई जनाको भने प्राकृतिक (नेचुलर) कारणले मृत्यु भएको जनाइएको छ।

» बाँकी पृष्ठ ६

## वैदेशिक रोजगारीमा मौलाउँदो ठगी



**कुलप्रसाद कार्की**

इजलास

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले गन्तव्य मुलुकमा पुगेपछि पूर्वसम्झौताअनुसारको सेवा र सुविधा नपाउने मुख्य समस्या छ। नेपालबाट श्रमिकहरूलाई आकर्षक तलब भनेर विदेश लगेर भनेअनुसारको काम र पैसा नपाए पछि सिर्जित समस्याले कामदारहरूलाई अन्य थप समस्याहरू निम्त्याएको हामीले देखेका छौं। ओभरटाइम लगाएर अतिरिक्त समयको तलब नदिनेजस्ता गुनासाहरू धेरै छन्। त्यसैगरी विदेशमा मृत्यु भएकाहरू, जेल केस र हराइरहेका व्यक्तिहरूको समस्याहरू पनि धेरै आउने गरेका छन्।

बिचौलियाहरूले वैदेशिक रोजगारीको लागि भनेर पर्यटक भिसामा विदेश लैजाने गरेको पाइन्छ। म्यानपावर कम्पनीका बिचौलियाहरूको आश्वासनअनुसार श्रमिकहरूले आशा गरेको सेवा सुविधाहरू नपाए पछि उनीहरू आफ्नो कम्पनी छोडेर भाग्ने गरेका छन्।

» बाँकी पृष्ठ ६

